-www.kapilvastumun.gov.np

# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तौलिहवा, कपिलवस्तु
**Kapilvastu Municipality Office**
Taulihawa, Kapilvastu

फोन ०७६-५६०३०५,५६०२०१
फ्याक्स ०७६-५६००१९

प.सं. : ०७५/०७६ शिक्षा शाखा
च.नं. 2649

मिति : २०७५/१०/९

विषयः प्रस्ताव आह्वान गरिएको सम्बन्धमा ।

श्री नगरभित्रका सम्बन्धित विद्यालयहरु,

कपिलवस्तु नगरपालिका, तौलिहवा ।

यस नगरपालिका भित्र आर्थिक बर्ष २०७५/७६ को स्वीकृत बजेट, ससर्त अनुदान शिर्षकबाट तपसिलका शिर्षकहरुमा अनुदान पाउनेगरी २०७५।१०।२४गते भित्र अलग अलग कार्यक्रम (प्रस्ताव) पेश गर्न सम्बन्धित विद्यालयहरुलाई अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

**क) माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापनका लागि (फिक्सिङ, किताव खरीद तथा इ पुस्तकालय समेत) ६ लाख ५० हजारका दरले ३ कोटाका लागिः**

- हालसम्म पुस्तकालय स्थापना नभएका तथा गत विगत आ.व.मा उक्त शिर्षकमा अनुदान नपाएका मा.वि.हुनुपर्ने,
- माध्यमिक तहमा विद्यार्थीसंख्या उच्च भएको हुनुपर्ने,
- पुस्तकालय स्थापनाका लागि आवश्यक कक्षा कोठा रहेको हुनुपर्ने,
- छनौट भएको विद्यालयलाई रु ६लाख ५० हजारका दरले अनुदान प्रदान हुने,
- अनुदान पाउने बिद्यालयले तोकिए बमोजिमका सबै प्रक्रिया पूरा गरी कार्य संचालन गर्नुपर्ने ।

**ख) शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग( कम्प्युटर, इन्टरनेट कनेक्टिभिटी इक्युप्मेन्टस तथा सामग्री खरीद अनुदान, ६ लाख ५० हजारका दरले २ कोटाः**

- विद्युतको नियमित आपूर्ति र इन्टरनेटको पहूच भएको विद्यालयले प्रस्ताव पेश गर्नु हुन,
- गणित, अंग्रेजी र विज्ञान विषयलाई आइ सि टी को माध्यमबाट शिक्षण गर्ने शिक्षकको क्षमता र तत्परता खुल्ने प्रमाण पेश गर्नु पर्ने,
- प्राप्त प्रस्तावहरु छानवीन भै छनौटमा परेका विद्यालयसंग यस नगरपालिकाले संझौता गर्नेछ । आइ सी टी ल्याव व्यवस्थापनका लागि आवश्यक फर्निचर, कम्प्युटर उपकरण, अन्तरक्रियात्मक श्रव्य दृश्य सामग्री आदिका लागि रु ६ लाख ५० हजार अनुदान प्राप्त हुनेछ ।

**ग)माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला, ६ लाख ५० हजारका दरले २ कोटाः**

- गतविगतमा यस प्रकारको अनुदान नपाएका विद्यालय हुनुपर्ने तथा विद्यार्थी संख्या र जेष्ठताको आधारमा छनौट गरिने ,
- विज्ञान विषय चलेका मा वि, वा प्राविधिक धार संचालित विद्यालयले प्राथमिकता पाउने, तर यस प्रकारको बजेट यस पूर्व प्राप्त गरेको भए दोहोरो अनुदान दिइने छैन । यस प्रकारको अनुदान प्राथमिकताको आधारमा निम्न माध्यमिक विद्यालयलाई समेत प्रदान गर्न सकिनेछ ।

- यस शिर्षकबाट रकम प्राप्त गरेका विद्यालयले शिक्षा तथा मानव श्रोतविकास केन्द्रले तोकेको मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्नुपर्नेछ ।
- सामाजिक परीक्षण र विद्यालय सुधार योजनामा समाविष्ट भएका योजनाका आधारमा प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।

**घ) गणित, विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री KITS अनुदान, ५० हजारका दरले ३ कोटा:**

- विगतमा यस प्रकारका अनुदान नपाएका विद्यालयहरुले आधारभूत तहका कक्षा ६, ७ र ८ का कक्षा संचालनका लागि गणित विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री KITS अनुदान प्रदान हुने ।
- पाठ्यक्रम विकास केन्द्रवाट विकास एवं स्वीकृत भएका गणित अंग्रेजी र विज्ञान विषयका सामग्रीहरु व्यवस्थापन गरी विद्यार्थीहरुको शिक्षण शिकाई क्रियाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**ङ) पानी तथा स्वास्थ्य र सरसफाइ (WASH) सहितको शौचालय निर्माण अनुदान, ७ लाखका दरले ३ कोटा:**

- कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।७६को अनुसूचीमा ५ को १६मा उल्लेखित आधार अनुसार छनौट भएका विद्यालयहरुका लागि प्रति विद्यालय रु ७ लाख उपलब्ध हुने,
- विद्यालयले शौचालय निर्माण गर्दा छात्रछात्रालाई छुट्टाछुट्टै निर्माण गर्नु पर्नेछ वा प्रवेशद्धार विपरित दिशाबाट राख्नु पर्नेछ ।
- सामाजिक परीक्षण एवं विद्यालय सुधार योजनाका आधारमा तयार पारीएको प्रस्तावका आधारमा कार्यक्रम प्रदान हुनेछ ।

**च) उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाई सुदृढीकरण तथा कार्यसम्पादनका आधारमा अनुदान, ५० हजारका दरले ९ कोटा:**

- कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।७६ को अनुसूचीमा ५ को २० मा तोकिएको सूचाकांकको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान उल्लेखित आधार अनुसार छनौट भएका विद्यालयहरुका लागि प्रति विद्यालय रु ५० हजार उपलब्ध हुने,
- उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयलाई सिकाई सुदृढीकरणका लागि प्रोत्साहन अनुदान प्रतिविद्यालय

**छ) विद्यालय सुधार योजना (SIP) का लागि गत बर्ष रकम निकासा भए बमोजिम सो कार्य सम्पन्नताको प्रमाणको आधारमा यस बर्षका लागि अनुदान नगरपालिकाका सबै विद्यालयलाई ।**

क) गतविगतका बर्षमा झैं आधारभुत तह तथा माध्यमिक सञ्चालित विद्यालयहरुलाई विद्यालय सूधार योजना (SIP) निर्माण तथा वि.व्य.स.हरुको क्षमता विकासका लागि अन्तक्रिया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन आदिका लागि एकमुष्ट अनुदान

- आधारभुत तहका लागि रु १५,०००।
- माध्यमिक तहका लागि रु २०,०००।

गत बर्ष विद्यालय सुधार योजना निर्माण गरेको वा अध्यावधिक गरेको विवरण पेश गर्ने ।

**ज) सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, तथ्यांक व्यावस्थापन, बुलेटिन प्रकाशन आदिका लागि निकासा भएकोमा सो कार्यसम्पन्नको प्रमाणको आधारमा अनुदान, नगरपालिकाका सबै विद्यालयलाई ।**

- आधारभुत तहका कक्षा (१-५), (१-८) का लागि रु १०,०००।
- माध्यमिक तहका कक्षा (१-१०), (१-१२) का लागि रु १५,०००।

यस बजेटबाट विद्यालयले सामाजिक परीक्षण गराउने, आफ्नो विद्यालयको Excel based ELECTRONIC emis File तयार गरी विद्यालयको विद्यार्थी, र विद्यालयको अन्य कार्यहरु गरी आवश्यक सुचकहरु सरोकारवालाहरु समक्ष प्रबोधिकरण गर्ने व्यावस्था मिलाउने ।

बोधार्थ:

श्री सूचना प्रविधि शाखा::- यो सूचना कपिलवस्तु नगरपालिकाको website मा upload गरिदिनुहुन ।

प्रमुख प्रशासकिय अधिकृत